Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

ADDRESS:
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

FACTORY:
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal

अत्यन्त जरुरी

च.नं. १०/७९/८०

मिति :- २०७९/०१/०७

माननीय गर्भनर ज्यू,
श्री महा प्रसाद अधिकारी ज्यू,
श्री नेपाल राष्ट्र बैंक
बालुवाटार, काठमाडौं, नेपाल ।

विषय : नेपाल राष्ट्र बैंकबाट विशेष जाँच समिति गठन गरी आवश्यक कारवाही गरी निर्यातजन्य उद्योग 'महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज' को कारोबार पुनः साविक बमोजिम सुचारु गरिदिनु सादर विनम्र अनुरोध ।

माननीय गर्भनरज्यू,

म, उद्योगी **बृज गोपाल इनानी, प्रोपाइटर महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज** स्वयम् आ. व. २०५६/५७ मा **नेपाल तयारी पोशाक उद्योग सघंको अध्यक्ष** एवम् **एशियन टेक्सटाइल एण्ड गार्मेन्ट काउन्सिल "ATGC"** (३३ वटा राष्ट्रहरु सदस्य भएको काउन्सिल) को **अध्यक्ष** तथा **उद्योग वाणिज्य मन्त्रालय अर्न्तगत निर्यात प्रवर्द्धन समिति**का पदेन सदस्य समेत रही समग्र राष्ट्रको तयारी पोशाकको निर्यात तथा प्रत्यक्ष एवम् अप्रत्यक्ष रोजगारलाई बढाउनमा समेत कार्यरत रहेको थिए । साथै **GPZ (Garment Processing Zone)** Development मा समेत कार्यरत रहेको जानकारी गराउन चाहन्छु ।

माननीय गर्भनरज्यू, मेरो उद्योग महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज, नेपाल राष्ट्रको तयारी पोशाक निकासी व्यापारमा सधैं अग्रणी स्थानमा रहदैं **'The International Award - Golden America for Quality and Excellence'** (आ. व. २०५६/५७) र **'The International Award - Golden America for Quality'** (आ. व. २०५४ /५५) द्वारा सम्मानित अन्तराष्ट्रिय स्तरमा ख्याति प्राप्त तयारी पोशाक उत्पादन र निर्यात गर्ने प्रतिष्ठित उद्योग हो ।

माननीय गर्भनरज्यू, महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज ले आ.व. २०५६/५७ मा US$ 51,97,046.96 को निर्यात गरेको र लगभग US$ 5,000,000.00 (पाँच मिलियन यु. एस्. डलर) जति निकासीको लागि Export एल. सी. बैंकमा रहेको थियो । उद्योगले बैंकमा २०५६/५७ सम्म समयमै नियमित रुपमा ऋण र ब्याज बुझाउने क्रममा आ. व. २०५६/५७ मा रू. ३,९६,११,६०११५६ ब्याज मात्र नै बुझाएको थियो ।

नेपाल राष्ट्र बैंक

दर्ता नं: ४४०
२०७९/१/७

माननीय गर्भनरज्यू, मेरो उद्योग महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज राष्ट्रको तयारी पोशाक निकासी व्यापारमा सधैं अग्रणी स्थानमा रहँदै कारोबार गर्दै आएको तथा सबै गुण प्राप्त भएको आधारमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिजलाई आ. व. २०५६/५७ मा व्यापार/निर्यात बढाउनको लागि नेपाल राष्ट्रमा नै प्रथम पटक नेपाल राष्ट्र बैंकबाट **अमेरिकामा सम्पर्क कार्यालय** (Liasion office) खोल्ने अनुमति प्रदान गरिएको थियो ।

तथा उद्योगको नयाँ खोलिएको Liasion Office **MGI.NYC.USA** मा US$ US$ 50,000,000.00 (पचास मिलियन यु. एस्. डलर) को आ. व. २०५७/५८ को लागि एक्सपोर्ट आर्डर समेत बुक भई सकेको अवस्था थियो ।

माननीय गर्भनरज्यू, महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले आफ्नो रु. ३३ (तेत्तीस) करोडको स्विकृत लिमिट अर्न्तगत **चल्ती कर्जा 'लिमिट'**लाई व्यवस्थित राख्दै तथा नियमित रुपमा ब्याज तिर्दै आएको थियो । मेरो निर्यात उद्योग **(Export Industries)** मा टेक्सटाइल एवम् अन्य **Accessories** पैठारी भई तयारी र अर्ध–तयारी अवस्थामा रहेको सामानलाई तयारी पारी निकासी गर्न लागिरहेको अवस्थामा बिना कारण स्विकृत सिमा 'लिमिट' भित्र चलिरहेको कारोबार रा.बा. बैंकले बिना कुनै कारण अचानक **Export** बन्द गर्दा एल.सी. समेत **Expire** भई **Shipment** क्यान्सिल हुदाँ त्यस बेला महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिजले करिब रू. ३५,००,००,०००/- (रू. पैत्तीस करोड) प्रत्यक्ष नोक्सानीको दायित्व बोक्न बाध्य भएको थियो ।

साथै रा. बा. बैंकले कारोबार बन्द गर्दा USA Liasion Office ले बुक गरेको आर्डर समेत क्यान्सिल हुँदा र उपरोक्त आर्डरको लागि तयार गर्नको लागि कपडा र Accessories क्यान्सिल हुँदा महालक्ष्मी गार्मेन्ट उद्योगलाई थप करीब रु. एक सय करोडको नोक्सानी भोग्नुपरेको थियो ।

माननीय गर्भनरज्यू, रा. बा. बैंकमा करोडौको निर्यात एल.सि. आइरहेको अवस्थामा र उद्योगमा निर्यातका लागि करोडौका सामान अर्ध-तयारी अवस्थामा रहेको जानकारी बैंकलाई रहे उपरान्त पनि बैंकले उद्योग र बैंकको बीचमा सम्झौता भई प्रदान गरिएको लिमिटभित्र कारोबार गराइरहेको प्रक्रिया जुन बर्षौ देखि चलिरहेको र त्यस प्रक्रियाको विपरीत गई सम्झौताको प्रवाह नगरी बैंकले अन्तराष्ट्रिय स्तर र राष्ट्रको निर्यात मुखी उद्योग मात्र नभई विदेशी मुद्रा आर्जन गर्ने र बढी भन्दा बढी रोजगार प्रदान गर्ने उद्योगको कारोबार आ.व. २०५७/५८ मा बैंकले आफूखुसी अनाचक बन्द गरेको जानकारी गराउन चाहन्छु ।

रा.बा. बैंक विशाल बजार काठमाडौं शाखाको मिति २०५८/०४/१७ को बोर्ड बैठक नं. १४ ले निर्णय गरी रा.बा. बैंक केन्द्रिय कार्यालयलाई लेखेको मिति २०५८/०५/२९ को पत्र संख्या एल.सी. ३७/१५९ को पत्रमा उद्योगको स्विकृत सिमा 'लिमिट' भित्र कारोबार गराउन अति आवश्यक र जरुरी भएको छ भनी लेखिएको आग्रहलाई समेत रा.बा. बैंक केन्द्रिय कार्यालयले बेवास्ता गरेको जानकारी गराउन चाहन्छु ।

माननीय गर्भनरज्यू, उद्योगको स्वीकृत सिमा 'लिमिट' भित्र नाफामा चलिरहेको कारोबार बिना कुनै कारण बन्द गर्ने देखि लगत्तै राष्ट्रिय वाणिज्य बैंकबाट शृङखलाबद्ध रुपमा यस उद्योगमाथि अन्याय गरिदैं आएको छ । निर्यातजन्य एवम् धेरै रोजगार प्रदान गर्ने महालक्ष्मी गार्मेन्ट उद्योगको कारोबार साबिक बमोजिम सुचारु गरिदिनु भनी विगत एक दशक भन्दा बढी समय देखि बैंकलाई समेत पटक–पटक अनुरोध गर्दै आँउदा पनि उद्योगको व्यापार सुचारु नगरी उल्टै रा. बा. बैंकले उद्योगको सम्पत्तिहरुलाई कौडीको मूल्यमा लिलामी गर्ने जस्ता क्रियाकलापहरु गर्दै उद्योगलाई समाप्त पार्न तिर लागेको छ । सो को बिस्तृत विवरण यस निवेदनमा प्रस्तुत गर्दछु ।

माननीय गर्भनरज्यू,

म, बृज गोपाल इनानी, प्रोपाइटर, यस उद्योगले विगत एक दशक भन्दा बढी समयदेखि भोग्दै आएका समस्याहरुको जानकारी गराउँदै, उद्योग पुनः साविक बमोजिम सञ्चालनको अनुरोध गर्दछु ।

महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले तयारी पोशाक उत्पादन र निर्यात गर्ने कारोबारको लागि तल उल्लेखित अचल सम्पत्ति राष्ट्रिय वाणिज्य बैंकलाई धितो दिई विभिन्न शीर्षकमा स्वीकृत भई रु. ३३ करोड को **चल्ती कर्जा 'लिमिट'** (आयात एल. सी. लिमिट र पूर्व निर्यात कर्जा र कस्टमको लागि बैंक ग्यारेण्टी लिमिट) प्राप्त गरेको जानकारी गराउन चाहन्छु ।

(१) डाछीँ ९(ख) कि.नं. ७० र १५६ को जग्गा,
(२) काठमाण्डौ २२ न्यूरोड कि.नं. ६४७ र ६४८ को घर जग्गा,
(३) ऐ १३ कालिमाटी २ (क) (opposite सोल्टी होटल) को कि. नं. ३७४, ३७३, ३७२ र ८९ को घर जग्गा तथा
(४) ऐ १३ कालिमाटी २ (क)(opposite सोल्टी होटल) को कि. नं. २६६, २६७ र २६८ को घर जग्गा

माननीय गर्भनरज्यू, महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले आफ्नो रु. ३३ (तेत्तीस) करोडको स्विकृत लिमिट अर्न्तगत ऋणलाई व्यवस्थित राख्दै तथा नियमित रुपमा ब्याज तिर्दै आएको थियो । रा. बा. बैंकबाट प्रदान गरिएको रु. ३३,००,००,०००/- (रू. तेत्तीस करोड) को स्वीकृत सिमा अन्तर्गत नाफामा कारोबार चलिरहेकै अवस्थामा आ. व. २०५७/५८ मा रा.बा. बैंकले बिना कुनै कारण अचानक लिमिट भित्रै (स्वीकृत सीमा भित्रै) चलिरहेको कारोबार **षड्यन्त्रपूर्वक** बन्द गरेको जानकारी गराउन चाहन्छु ।

अन्तराष्ट्रिय स्तरको निर्यात प्रकृयामा लगानी भएको र व्यवस्थित रुपमा नाफामा सञ्चालन भइरहेको तथा आफ्नो लगानी भएको ऋण समेतको परवाह नगरी उद्योगको कारोबार रा.बा. बैंकले अचानक किन बन्द गरिएको हालसम्म बैंकसँग कुनै जवाफ नभएको जानकारी गराउन चाहन्छु ।

❖ <u>व्यवस्थित सीमाभित्रै नाफामा चलिरहेको र बिस्तार हुदैं गरेको कारोबार बन्द गरेको सम्बन्धमा प्रश्नहरु</u>

- रा. बा. बैंकमा करोडौको निर्यात एल.सि. आइरहेको अवस्थामा र उद्योगमा निर्यातका लागि करोडौका सामान अर्ध-तयारी अवस्थामा रहेको जानकारी बैंकलाई रहे उपरान्त पनि बैंकले उद्योग र बैंकको बीचमा सम्झौता भई प्रदान गरिएको लिमिटभित्र कारोबार गराइरहेको प्रक्रिया जुन बर्षौ देखि चलिरहेको र त्यस प्रक्रियाको विपरीत गई सम्झौताको प्रवाह नगरी बैंकले अन्तराष्ट्रिय स्तर र राष्ट्रको निर्यात मुखी उद्योग मात्र नभई विदेशी मुद्रा आर्जन गर्ने र बढी भन्दा बढी रोजगार प्रदान गर्ने उद्योगको कारोबार २०५७/५८ मा बैंकले आफूखुसी किन बन्द गरेको ?

- बैंकले यस उद्योगको २०५७/५८ मा बिना कारण अचानक कारोबार बन्द गर्दा एक्सपोर्ट नभएर तल **Index** मा उल्लेखित एक्सपोर्ट एल.सी.हरु जसमा उद्योगले पूर्व निर्यात कर्जा **(P.X.L.)** पनि लिइरहेको क्यान्सिल भएका थिए ।

S. No.	L.C. No.	Amount in U.S $	Export U.S. $	L.C. Balance U.S. $	P.X.L. Amount outstanding in NRS.
1	L-925055	11,00,000.00			4,70,43,770.05
2.	ATLI-1115071	4,80,033.90			1,19,51,190.00
3.	ATLI-1115074	104276.00			18,12,600.00
4.	A- 899059	1,11,823.20			29,51,950.00
5.	A- 872661	1,45,279.80			27,04,800.00
6.	A- 872677	4,11,936.00			1,45,38,020.76
TTL.	**U.S.$**	**23,53,348.90**			**8,10,02,930.81 (NRS)**

उपरोक्त **U.S.$ 23,53,348.90** (यु. एस् डलर तेयीस लाख त्रेपन्न हजार तीन सय अटचालीस र नब्बे सेन्ट) को एक्सपोर्ट एल.सी.हरु बाहेक अरु थप करिब **U.S.$ 20,00,000.00** (यु. एस्. डलर बीस लाख) को समेत गरी निकासीको लागि तयार रहेको लगभग यु.एस.डलर ५० (पचास) लाखको एक्सपोर्ट एल. सी. सामान बैंकको कारणले क्यान्सील भएको जानकारी गराउन चाहन्छु ।

कारोबार बन्द गर्दा निर्यात नभई उद्योगीबाट निर्यात लोन **(P.X.L.)** र पैठारी भएको सामानको **Import** एल. सी. को लोन कसरी चुक्ता हुने बैंकले विचार किन नगरेको ?

- उद्योगी स्वयम् नै २०५७/५८ मा नेपाल तयारी पोशाक उद्योग सघंको एवम् एशियन टेक्सटाइल एण्ड गार्मेन्ट काउन्सिलल (ATGC) को अध्यक्षका हैसियतले राष्ट्रको तयारी पोशाक निकासी रु. २००० करोड (रु. दुई हजार करोड) बाट रु. ५००० करोड (रु. पाँच हजार करोड) र प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगार ३ लाख (तीन लाख) बाट लगभग १० लाख (दश लाख) को संख्यामा पुऱ्याउने उद्देश्यमा कार्यरत रहेको बेला रा. बा. बैंकले उद्योगको कारोबारलाई किन बन्द गरेको हो ?

- उद्योगीले २०५६/५७ मा चीन सरकारको कम्पनीबाट स्थापित हेटौडा कपडा उद्योगलाई त्यहीँ कम्पनीको सहयोगमा ठूलो र मोर्डन रुपमा पुनः स्थापना गर्न लागेको योजनालाई र साथै उद्योगको अन्य औद्यागिक योजनाहरु समेतलाई रा.बा. बैंकले किन अवरोध पुऱ्याएको हो ?

- उद्योगीले आ.व. २०५५/५६ सम्म नेपालमा सामाजिक कार्यहरु (शिक्षा, स्वास्थ्य, हुलाक र ठूलो पर्यटकीय/ धार्मिक स्थल निर्माण) मा रु. ५० करोड भन्दा बढी राष्ट्र सेवामा लगानी गरिसकेको तर बैंकले राष्ट्रको स्वच्छ र ईमान्दार राष्ट्रिय पूँजीपतिको कारोबारलाई आ.व. २०५७/५८ रा. बा. बैंकले अवैधानिक तरिकाले किन बन्द गरेको हो ?

■ स्वीकृत सिमा भित्र ऋण व्यवस्थित राख्दै आएको र साविक बमोजिम कारोबार खोलिदिएको खण्डमा उद्योगीले पुरै चल्ती कर्जा (सावाँ रकम) रु. २८,९६,५४,२६१/८८ (अट्ठाईस करोड छियानब्बे लाख चौबन्न हजार दुई सय इकसट्ठी र पैसा अट्ठासी) तिर्न तयार रहेको भन्ने पटक पटक सबै माध्यम मार्फत जानकारी गराउँदा – गराउँदै पनि बैंकले उद्योगीको स्वीकृत सिमा भित्रको साविक बमोजिम कारोबार किन नखोलेको ? उद्योगीको अर्बौंको सम्पत्ति कौडीको दाममा लिलाम बिक्री गर्नका लागि ऋणी नभएको उद्योगीलाई ऋणी बनाउने काम किन भएको हो ?

आ. व. २०५७/५८ को सुरुदेखि बिना कुनै कारण उद्योगको कारोबार बन्द गरिदिएपछि र १ वर्ष सम्म कारोबार सुचारु नगराएपछि बैंक समेतलाई प्रत्यक्ष नोक्सानी हुने अवस्था रहेको कारणले रा. बा. बैंक विशाल बजार काठमाडौं शाखा कार्यालयले मिति २०५८/०४/१७ मा बोर्ड बैठक नं. १४ मा निर्णय गरी मिति २०५८/०५/२९ मा पत्र सं. ३७/१५९ मार्फत रा. बा. बैंक केन्द्रिय कार्यालय सिहंदरबार प्लाजालाई उद्योगको कारोबार तुरुन्त खोल्नुपर्ने अत्यन्त आवश्यक भएको भनी जानकारी गराएको थियो । त्यस उपरान्त पनि उद्योगको कारोबार नखोल्नुको कारण बैंकसित नरहेको ।

❖ महालक्ष्मी गार्मेन्ट ईण्डष्ट्रिजको कारोबार सुचारु गर्न अति आवश्यक र जरुरी भएको भनी जिकिर गर्दै राष्ट्रिय वाणिज्य बैंक विशालबजार काठमाडौं शाखाले राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय, सिहंदरबारलाई मिति २०५८/०५/२९ मा लेखेको पत्र सं. ३७/१५९

पत्र सं. ३७/१५९ मा उल्लेख भएको मूख्य बुदाँहरुको बिस्तृत जानकारी निम्न बमोजिम पेश गर्दछु ।

(क) बैंकले नै उद्योगको कारोबार बन्द गरी कारोबार नगराएको कुरा उक्त **पत्रको पेज नं २ को दोस्रो अनुच्छेदमा** लेखिएको विवरणबाट स्पष्ट बुझिन्छ । र उक्त पत्रमा उद्योगको सिमा भित्रको कारोबार बैंकले बिना कुनै कारण २०५७/५८ देखि आफूखुसी बन्द गरेको स्पष्ट देखिन्छ । यसमा उद्योगीको कुनै दोष छैन ।

उक्त पत्रमा - "उपरोक्त सम्बन्धमा यस शाखाका प्रतिष्ठित ग्राहक मेसर्स महालक्ष्मी गार्मेन्ट ईण्डष्ट्रिजका प्रो.श्री इनानीले पुरानो कर्जा चुक्ता गर्न निजको स्विकृत सिमा भित्र कारोबार गर्न अति आवश्यक र जरुरी भएको छ । "

उक्त पत्रमा स्विकृत सिमाभित्र कारोबार गराउन लेखिएको आग्रहलाई समेत बेवास्ता गरी यस अन्तराष्ट्रिय स्तरको निर्यात प्रकृयामा लगानी भएको निर्यात उद्योग (Export Industries) लाई करिब ३५,००,००,०००/- (रू. पैत्तीस करोड) प्रत्यक्ष नोक्सानी भएको ।

(ख) उद्योगीले आफ्नो सबै ब्याज चुक्ता गरिसकेको प्रमाण मिति २०५८/०५/२९ को प. सं. एल.सी. ३७/१५९ को पत्रको **पेज नं. २ को "कर्जा उज्राती विवरण"** अन्तर्गत लेखिएको विवरणबाट स्पष्ट बुझिन्छ । उपरोक्त पत्रमा रु. ४,१३,३२,८७२/८९ बकाया लेखिएको ब्याज बैंकबाट कारोबार बन्द गरेपछिको अवधिको मात्र रहेको छ ।

उद्योगको कारोबार बैंकले बिनाकारण आफ्नो मनमर्जीले बन्द गरेपछि ब्याज तिर्ने दायित्व उद्योगको नरहेको जानकारी गराउन चाहन्छु ।

(ग) बैंकले अचानक कारोबार बन्द गरे लगत्तै Export L/C हरु क्यान्सिल भएको पनि मिति २०५८/०५/२९ को पत्र संख्या एल.सी. ३७/१५९ को **पत्रको पेज नं २ को अन्तिम अनुच्छेद** मा लेखिएको विवरणबाट स्पष्ट देखिन्छ ।

उक्त पत्रमा- "पूर्व निर्यात कर्जा तर्फको Export L/C को समय अवधि समाप्त भै सकेको देखिन्छ ।"

उपरोक्त पूर्व निर्यात कर्जा तर्फको एक्सपोर्ट एल.सी. बाहेक अरु थप करीब यु.एस.डलर २०,००,०००/– (बीस लाख) को एक्सपोर्ट एल. सी. हरु समेत गरी जम्मा यु.एस.डलर ५०,००,००० (पचास लाख) को एक्सपोर्ट एल. सी. क्यान्सील भएको जानकारी गराउन चाहन्छु ।

(घ) मिति २०५८/०५/२९ को पत्र संख्या एल.सी. ३७/१५९ को **पत्रको पेज नं ३ को अन्तिम अनुच्छेद** तथा **पेज नं ४ को पहिलो अनुच्छेद** मा लेखिएको विवरण मा राष्ट्रिय वाणिज्य बैंक विशाल बजार काठमाडौं शाखा कार्यालयले राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयलाई उद्योगलाई स्विकृत सिमाभित्रको कारोबार गर्न दिने भनी शाखा कार्यालयको बोर्डले निर्णय गरी पठाउँदा पनि राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय, सिहंदरबार प्लाजाले उद्योगको कारोबार नखोलेको स्पष्ट बुझिन्छ ।

उक्त पत्रमा - पेज नं ३ को अन्तिम अनुच्छेद मा

" ऋणी फर्मको प्रो. श्री इनानीले बैंकसँग कारोबार बन्द भए पश्चात् ब्याज रकम पनि जम्मा नगरेको अवस्था रहेको देखिनुको साथै बैंकले स्वीकृत सिमाभित्र कारोबार नगराई ऋण तिर्न नसक्ने अवस्थाको जिकिर गर्दै आएको छ । **यस्तो अवस्थामा बैंक र ग्राहक बीच सम्झौता भई कारोबार गर्नु गराउनु समसामयिक नै रहेको छ ।** "

तथा पेज नं ४ को पहिलो अनुच्छेद मा

" बैंक र ग्राहक संगको कारोबार बन्द रहदाँ कर्जा असुल गर्ने गराउन कठिन रहेको पक्षमा बिचार गर्दा ग्राहकलाई स्वीकृत सिमा भित्र सम्मको कारोबार गर्न दिई कर्जा चुक्ता गर्न गराउन प्रोत्साहित गर्न ग्राहक समेतको निवेदन माथि बिचार गरी पूर्व स्विकृत सिमाभित्र कारोबार गर्न दिने उपयुक्त हुने देखिएकोले विभागमा आवश्यक निर्णयार्थ पठाउने "

उद्योगको स्वीकृत सिमा 'लिमिट' भित्र नाफामा चलिरहेको कारोबार बिना कुनै कारण अचानक बन्द गर्ने देखि लगत्तै राष्ट्रिय वाणिज्य बैंकबाट शृङखलाबद्ध रुपमा यस उद्योगमाथि अन्याय गरिदैं आएको छ ।

मिति २०६१/०१/२४ (6th May 2004) को दिन उद्योगी र रा.बा.बैंक कार्यकारी प्रमुख बीचमा केन्द्रिय कार्यालय, सिहंदरबार प्लाजामा उद्योग सुचारु गर्नको लागि ११ बजे मिटिङ्ग फिक्स भएको तर बैंकले अचानक मिटिङ्ग क्यान्सिल गरिएको सूचना बैंकका पदाधिकारीले फोनमार्फत जानकारी गराएका थिए र बिना जानकारी आश्चर्यजनक रुपमा ११ बजे रा. बा. बैंकका कर्मचारीहरुले उद्योगमा ताल्चा लगाएका थिए ।

उद्योगीले मिति २०६१/०१/२४ मा ११ बजे उद्योगमा बिना सूचना ताल्चा लगाएपछि कार्यकारी प्रमुखलाई लिखितमा शिकायत गरेपछि मात्र बैंकले १२ बजेर १८ मिनेटमा हत्तपत्त हातबाट मिति २०६१/०१/२३ (5th May 2004) को Back Date मा चिठी लेखेर फ्याक्सद्धारा मिति २०६१/०१/२४ (6th May 2004) मा उद्योगीलाई ताल्चा लगाएपछि मात्र जानकारी गराएको थियो ।

❖ ब्याजको विषयमा झूटो प्रचार गरी उद्योगको प्रतिष्ठालाई नोक्सान पुऱ्याएको

महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले आफ्नो रु. ३३ (तेत्तीस) करोडको स्विकृत लिमिट अर्न्तगत **चल्ती कर्जा 'लिमिट'**लाई व्यवस्थित राख्दै तथा नियमित रुपमा ब्याज तिर्दै आएको थियो । तर नाफामा चलिरहेको उद्योगको कारोबारलाई २०५७/५८ मा रा. बा. बैंकले **बिना कुनै कारण** अचानक बन्द गरेको थियो ।

मिति २०६१/०८/२१ (२००४/१२/०६) मा रा. बा. बैंक केन्द्रिय कार्यालयका Spokesperson ले उद्योगको प्रतिष्ठालाई नोक्सानी पुऱ्याउने नियतले प्रेस रिलिज मार्फत महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले पछिल्लो ७ (सात) बर्षदेखि बैंकमा ब्याज नबुझाएको भनेर उद्योगको कारोबार बन्द गरिदिएको भनी झूटो विवरण दिएका थिए ।

तथ्य

महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले आफ्नो कारोबार र ऋण व्यवस्थित राख्दै रा. बा. बैंकमा अन्तिमका निम्न वर्षहरु (२०५५/५६ देखि २०५८/५९ सम्म) मा जम्मा रू. ८,२३,८०,२५७/१८ ब्याज मात्र नै बुझाएको रा. बा. बैंकको मिति २०५८/०५/२८ को पत्रबाट पुष्टि हुन्छ भनी जानकारी गराउन चाहन्छु ।

- २०५५/५६	रू. २,५६,९७,८५३।४२	- २०५६/५७	रू. ३,९६,११,६०१।५६
- २०५७/५८	रू. १,६५,३९,८१७।९५	- २०५८/५९	रू. ०८,३१,२५४।२५

स्वीकृत सिमा 'लिमिट' भित्र व्यवस्थित रुपमा नाफामा चलिरहेको निर्यातजन्य एवम् धेरै रोजगार प्रदान गर्ने महालक्ष्मी गार्मेन्ट उद्योगको कारोबार साबिक बमोजिम सुचारु गरिदिनु भनी विगत एक दशक भन्दा बढी समय देखि बैंकलाई समेत पटक–पटक अनुरोध गर्दै आँउदा पनि उद्योगको व्यापार सुचारु नगरी उल्टै रा. बा. बैंकले उद्योगको सम्पत्तिहरुलाई कौडीको मूल्यमा लिलामी गर्ने जस्ता क्रियाकलापहरु गर्दै उद्योगलाई समाप्त पार्न तिर लागेको छ ।

❖ पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग मिलोमतोमा सेटिङ्ग गरी उद्योगले धितो दिएको मध्ये कि.नं. २६६, २६७ र २६८ को सम्पत्तिको बोलपत्र आह्वान गरेको

(रा. बा. बैंकका कर्मचारीहरुले आफ्नो पदको दुरुपयोग गरी अवैधानिक तरिकाले बोलपत्रको शर्तहरुको उल्लघंन गर्दै तथा पाइला– पाइलामा अनियमितता गरी उद्योगले धितो दिए मध्येको कि. नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको स्वामित्व हस्तान्तरण गरेको गैरकानूनी कार्य)

- उपरोक्त सम्बन्धमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजबाट कारोबारको लागि राष्ट्रिय वाणिज्य बैंकमा दृष्टिबन्धक गरि धितो दिएको चार वटा अचल सम्पत्तिहरु मध्ये कि. नं. २६६, २६७ र २६८ को घर जग्गा मात्रको रा. बा. बैंकले मिति २०६२/०३/१७ मा लिलामी बोलपत्र आह्वान गरेको थियो ।

- **उद्योगको कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं पनि बैंकले दुरासयुक्त भावना राखी मिति २०६२/०३/१७ मा लिलामी निकालिएपछि म उद्योगीले पुनः धेरैपटक रा. बा. बैंकसित सम्पर्क गर्न प्रयास गरेको थिए तर रा. बा. बैंकले बेवास्ता गरेपछि मैले बाध्य भई मिति २०६२/०३/२८ मा गोरखापत्रको मुख्य पृष्ठमा सार्वजनिक सूचना मार्फत उद्योगको साबिक बमोजिम स्विकृत सिमा भित्रको कारोवार खोलिदिएको खण्डमा उद्योगले रु. तेत्तीस करोड भित्रैको चल्ती साँवा ऋण रु. २८,९६,५४,२६१/८८ (अक्षरेपी रु. अट्ठाईस करोड छयानब्बे लाख चौबन्न हजार दुई सय एक्सठ्ठी रुपैया अठ्ठासी पैसा मात्र) तिर्न तैयार रहेको छ भनी जानकारी दिदैं विज्ञप्ति प्रकाशित गरेको समेतलाई रा.बा. बैंकले बेवास्ता गरेको थियो ।**

- **बैंकले बोलपत्र आह्वान अगावै** रा. बा. बैंक काठमाडौं शाखा कार्यालयको सञ्चालक समितिको मिति २०६२/०२/२२ (5th June 2005) को बैठकमा गोप्य सेटिङ गरी बोलपत्र आह्वान गर्ने निर्णय गरिएको । त्यहीं अनुसार रा. बा. बैंक केन्द्रिय कार्यालयले बोलपत्रको शर्त विपरीत गोप्य सम्झौता अन्तर्गत 19 July 2005 (मिति २०६२/०४/०४) मा बोलपत्र स्वीकृत गर्ने निर्णय गरेको र मिति २०६२/०४/०७ (22nd July 2005) को रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिको बैठक नं. १३९५ मा बोलपत्र स्वीकृत गरेको ।

- रा. बा. बैंक काठमाडौं शाखा कार्यालयको सञ्चालक समितिको मिति २०६२/०२/२२ (5th June 2005) को बैठक तथा केन्द्रिय कार्यालयको 19 July 2005 (मिति २०६२/०४/०४) मा बोलपत्रको शर्तहरु उल्लंघन गर्दै भएको गोप्य सम्झौता सहित मिति २०६२/०४/०७ (22nd July 2005) को रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिको बैठक नं. १३९५ मा **उक्त सम्पत्ति सम्बन्धमा के–के निर्णय भएको छानबिन गरी कारवाही गर्नु अत्यन्त आवश्यक रहेको** जानकारी गराउन चाहन्छु । यो सबै तथ्य प्रमाण रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिले रा.बा. बैंक केन्द्रिय कार्यालय कर्जा असुली तथा पुनरसंरचना विभागलाई मिति २०६२/०४/१३ मा पठाएको पत्र स.स.नि. ३/२४/४१ बाट स्पष्ट जानकारी हुन आउँछ ।

राष्ट्रिय वाणिज्य बैंकबाट उद्योगको कि.नं. २६६, २६७ र २६८ को सम्पत्तिको लिलामी प्रक्रियामा स्पष्ट रुपमा भएका अनियमितता बारे बुदाँगत रुपमा जानकारी साथै सो लिलामी अवैधानिक भएको र खारेज हुनुपर्ने कारणहरु :

क) स्याद :

लिलामी प्रकृया अनुरुप प्रथम पटक ३५ दिनको सूचना, दोस्रो पटक १५ दिनको सूचना र तेस्रो पटक ७ दिनको सूचना नदिई रा. बा. बैंकद्वारा मिति २०६२/०३/१७ मा एकैपटकमा सीधै ७ दिनको निकै सानो अवधिको सूचना मात्र दिई लिलामी सूचना निकालिएको जानकारी गराउन चाहन्छु ।

ख) मूल्याङ्कन :

मिति २०५४/०३/२७ मा उपरोक्त कित्ता नं. २६६, २६७ र २६८ को जग्गा र घर सम्पत्तिमा कर्जा लगानी पूर्व रा. बा. बैंकद्वारा रु. ७,०२,०५,९७३/- (अक्षरेपी रु. सात करोड दुई लाख पाँच हजार नौ सय त्रियत्तर) मूल्याङ्कन भइ उद्योगलाई ऋण जारी भएको तर सो सम्पत्तिमा जारी ऋण भन्दा कम मूल्य तथा पुर्नमूल्याङ्कन समेत नगरी तत्कालिन बजार मूल्य रु. २० (बीस) करोड भन्दा बढी पर्ने सम्पत्तिलाई आफ्नो मनमर्जी हिसाबले रा. बा. बैंकले रु. ४,२२,१०,०००/- (अक्षरेपी रु. चार करोड बाइस लाख दश हजार मात्र) मा हत्तपत्त बिक्री गर्ने निर्णय गरेको ।

ग) बोलपत्रको शर्तहरु विपरीत :

मिति २०६२/०३/१७ मा एकैपटकमा सीधै मात्र ७ दिने सूचना प्रकाशित गरी मिति २०६२/०३/२७ मा बोलपत्र खोलेको र ऋण उठाउने नाममा एउटा प्रतिष्ठित उद्योगलाई समाप्त पार्ने बदनियतले काठमाडौं शाखा कार्यालयले मिति २०६२/०४/०७ को बोर्ड बैठक नं. १३९५ मा रु. ४,२२,१०,०००/- मा बोलपत्र स्वीकृत गरेको ।

- **बोलपत्रको शर्त नं. ४** बमोजिम साथ राख्नु पर्ने १० प्रतिशत रकम मिति २०६२/०३/२४ भित्र राख्नु पर्ने तर सो रकम रु.४२,२१,०००/- मिति २०६२/०४/१७ मा रा.बा. बैंकमा बुझाएको देखिन्छ । यो **बोल पत्रको शर्त नं. ४ विपरीत** रहेको जानकारी गराउन चाहन्छु । **धरौटी नै नराखी रा. बा. बैंकले बोलपत्र कुन आधारमा स्वीकृत गरेको ?**

- रा. बा. बैंकले **बोलपत्रको शर्त नं. ६** बमोजिम ९० % जम्मा नलिईकन मिति २०६२/०५/२२ मा पत्र सं. काठ. शा. कर्जा च. नं. ४५७ मार्फत मालपोत कार्यालय कलंकीलाई सर्भिङ्ग माईण्डस प्रा.लि.कम्पनीको नाउँमा रा.बा. बैंकको रोक्का फुकुवा गरी सम्पत्ति नामसारी दाखिल खारिज गरिदिने भनी पत्र पठाएको ।

- लीलामीको बाँकी रहेको ९०% (नब्बे प्रतिशत) रकम जम्मा हुनु अगाडि नै मिति २०६२/०५/२२ पत्र सं. ४५७ मा उल्लेख रु. ५८,००,०००/– (अक्षरेपी रु. अन्ठाउन्न लाख मात्र) को चेकको आधारमा मालपोत कार्यालयले रा.बा. बैंकका कर्मचारीहरुको मिलोमतोमा सर्भिङ्ग माईण्डस प्रा.लि. को नाममा सम्पत्ति नामसारी दाखिल खारिज गरेको र **सोही सम्पत्तिमाथि** स्वयं रा. बा. बैंकले मिति २०६२/०६/०६ मा रेजिष्ट्रेशन नं. ३५२७ बाट मालपोत कार्यालय कलंकीमा पुनः दृष्टिबन्धक गरी सर्भिङ्ग माईण्डस प्रा.लि.लाई

बोलकबोल रकमको लगभग शत प्रतिशत रु. ४ (चार) करोड कर्जा ५ वर्ष ६ महिनाको लागि क्रमिक ब्याजदर घट्दै जाने सर्तमा ८.५% ब्याज दरमा जारी गरेको ।

घ) <u>बोलपत्रको शर्त नं. ६</u> विपरित गई अवैधानीक रुपमा सम्पत्ति प्राप्त कर्ता सर्भिङ्ग माईण्डस प्रा.लि.लाई मिति २०६२/०६/०६ मा रा.बा. बैंकबाट सोही सम्पत्तिमाथि ऋण जारी भएपछि मात्र बाँकी रहेको ९०% (नब्बे प्रतिशत) रकम रु. ३,७९,८९,०००/– (अक्षरेपी रु. तीन करोड उन्नासी लाख उन्नानब्बे हजार) निम्न बमोजिम जम्मा भएको रा.बा. बैंक काठमाण्डौ शाखाको मिति २०६२।०६।१६ को निर्णय नं २१/४१ को पत्रबाट पुष्टि हुन्छ ।

(अ) रा.बा. बैंकले मिति २०६२/०५/२२ मा कलंकी मालपोत लाई लेखेको पत्र सं. काठ. शा. कर्जा च. नं. ४५७ मा उल्लेख भएको चेक रकम रु. ५८,००,०००/– (रु. अन्ठाउन्न लाख मात्र) को भुक्तानी उपरोक्त सम्पत्ति सर्भिङ्ग माईण्डस प्रा.लि को नाममा नामसारी दाखिल खारिज भई बैंकबाट सोही सम्पत्तिमाथि सर्भिङ्ग माईण्डस प्रा.लि लाई मिति २०६२/०६/०६ मा ऋण जारी भएपछि मात्र मिति २०६२/०६/०९ मा चेक मा उल्लेखित रु. ५८,००,०००/– (रु. अन्ठाउन्न लाख मात्र) बैंकलाई प्राप्त भएको देखिएको छ ।

(आ) त्यस्तै बैंकबाट सोही सम्पत्तिमाथि सर्भिङ्ग माईण्डस प्रा.लि लाई मिति २०६२/०६/०६ मा रु. ४,००,००,०००/– (रु. चार करोड) ऋण जारी भएपछि मात्र मिति २०६२/०६/०९ मा रु. ३,२०,००,०००/– (रु. तीन करोड बीस लाख मात्र) बैंकलाई प्राप्त भएको देखिएको छ ।

(इ) तथा ऋण जारी भएपछि मात्र मिति २०६२/०६/१० मा बाँकी रहेको रु. १,८९,०००/– (रु. एक लाख उन्नानब्बे हजार मात्र) बैंकलाई प्राप्त भएको देखिएको छ ।

माननीय गर्भनरज्यू,
उद्योगको सोही सम्पत्तिलाई नै पुनः धितो राखी सकार गर्नेलाई रा. बा. बैंक स्वयंले खरीद मूल्यको लगभग शत प्रतिशत रु. ४,००,००,०००/– (रु. चार करोड) को ऋण दिई हिसाब राफ साफ गरेको देखिन्छ । अर्थात् उद्योगको कि.नं. २६६, २६७ र २६८ को सम्पत्ति बैंकका कर्मचारीहरुले बोलपत्रको नाममा मिलोमतो गरी हिनामिना गरेको छ ।

उक्त सम्पत्तिको लिलामी निकालेकोदेखि लिएर सम्पूर्ण लिलामी प्रकृयामा पाइला–पाइलामा अनियमितता भएको स्पष्ट छ ।

<u>आम नागरिकले एवम् व्यवसायीहरुले कारोबारका लागि बैंकमा सम्पत्तिहरु दृष्टिबन्धक गरी राखेपछि सो सम्पत्तिहरुको सुरक्षा गर्नु के बैंकको दायित्व होइन ?</u>

❖ <u>उद्योगको मेसीनरी हिनामिना गरेको सम्बन्धमा</u>

उद्योगको कि.नं. २६६, २६७ र २६८ को सम्पत्तिलाई अवैधानिक तरिकाले स्वामित्व हस्तान्तरण गर्नका लागि रा.बा. बैंकले सो कित्तामा रहेका उद्योगको मेसीनरी समेत हिनामिना गरेको ।

कित्ता नं. २६६, २६७ र २६८ को घर जग्गा (१) मेन विल्डीङ्ग र (२) ब्रान्च हल कब्जा गर्ने र गैरकानूनी रुपले सो घर जग्गा हस्तानतरण गर्ने बदनियतका साथ सो कित्तामा अवस्थित भवनहरु नं. १) Main Building र भवन नं.२) Branch Hall भित्र रहेको रु. ४,०३,२१,०५४/- (रु. चार करोड तीन लाख एक्काईस हजार चौबन्न रुपैया) मूल्य पर्ने मेसिनरीलाई समेत रा.बा. बैंकले गैरकानुनी तवरले कब्जामा लिई बिक्री गरेको जानकारी गराउन चाहन्छु । कब्जा गरीएको रु. ४,०३,२१,०५४/- को मेसिनरीलाई अति न्यून मूल्य रु.४७,५१,०००/- (रु. सैतालीस लाख एक्काउन हजार मात्र) मा रा.बा. बैंकले बिक्री गरेको छ र सो रकमको अत्तोपत्तो नरहेको जानकारी गराउन चाहन्छु ।

ताहाचल स्थित उद्योगको कि.नं. २६६, २६७ र २६८ को भवन नम्बर (१) मेन विल्डीङ्ग , भवन नम्बर (२) ब्रान्च हल र कि. नं. ३७४, ३७३, ३७२ र ८९ मा रहेको भवन नम्बर (३) न्यू विल्डङ्ग मा रहेको जे–जति सम्पूर्ण मेसिनरी नेपाल बैंक अफ सिलोन (NBOC) ~~(हाल एन.सी.सी. बैंक भनिने)~~ लाई मिति २०५८/५/२० मा (5th September 2001) बैंकलाई धितोको (तमसुक) कागज गरी धितो (सुरक्षण) राखिएको थियो ।

उक्त उद्योग परिसरको तीनवटै भवनहरुमा रहेको मेसिनरीको विमाका लागि नेपाल बैंक अफ सिलोन (NBOC) ले नेशनल इन्स्योरेन्स कम्पनी लि. बाट 204/KBD/7500058/01-02 05.09.2004, तोरख 5th September 2001 (मिति २०५८/०५/२०) को विमा लेखबाट धितो लिएको उक्त मेशिनरी उपकरणको जम्मा विमा मूल्य रू. ७,०९,३२,०९७/- (अक्षरेपी रु. सात करोड नौ लाख बत्तीस हजार सन्तानब्बे मात्र) तय गरिएको थियो ।

तर ती मध्ये कित्ता नं. २६६, २६७ र २६८ को भवन नम्बर (१) मेन विल्डीङ्ग , नम्बर (२) ब्रान्च हल मा रहेको मेसिनरीलाई रा.बा. बैंकले अवैधानिक तरिकाले कब्जामा लिई कि. न. २६६, २६७ र २६८ को सम्पत्ति अवैध तरिकाले बिक्री गर्नका लागि मिति २०६२/०१/०१ मा मेसिनरीको लिलामी निकालेको थियो ।

➤ उद्योगले राष्ट्रिय वाणिज्य बैंकलाई मेसिनरी धितो नदिएको रा. वा. बैंक शाखा कार्यालयबाट रा. बा. बैंक केन्द्रिय कार्यालयलाई लेखेको धितो विवरण पत्र मिति २०५८/१२/०१ को पत्र संख्या च. नं. ६२६ र मिति २०५८/०५/२९ को पत्र. सं. एल.सी. ३७/१५९ को पत्रहरुबाट स्पष्ट हुन्छ ।

➤ रा. बा. बैंकले मिति २०६१/०१/२८ (10th May 2004) मा उद्योगीलाई पेश गरेको M.O.U बाट समेत उद्योगले राष्ट्रिय वाणिज्य बैंकलाई मेसिनरी धितो नदिएको पुष्टि हुन्छ ।
M.O.U को P.T. 2.2 को **(g)** अन्तर्गत रा. बा. बैंकले यस उद्योगबाट **NCC Bank** लाई धितो सुरक्षण नदिए बाहेकको मेसिनरी माग गरेको थियो ।
(g) " <u>The party is to provide fresh hypothecation deed on the mill / machines which is already not in hypothecation to NCC Bank.</u> "

तर

- उद्योगको तीन वटै भवनमा रहेको सम्पूर्ण मेसिनरी NBOC Bank लाई धितो सुरक्षण दिएको र उद्योगमा थप मेसिनरी नरहेको हुनाले उपरोक्त M. O. U मा मेसिनरी एवम्
- उद्योगको कारोबार बैंकले बिनाकारण आफ्नो मनमर्जीले बन्द गरेपछि ब्याज तिर्ने उद्योगको दायित्व नरहेको सन्दर्भ तथा धेरै कुरा नमिलेको कारणले म उद्योगीले रा. वा. बैंकबाट पेश भएको **M. O. U साईन नगरेको** जानकारी गराउन चाहन्छु ।

साथै उद्योगको रु. २ करोड मूल्य पर्ने **फर्निचर** समेतको अतोपतो नरहेको श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति सहित अन्य सम्बन्धित निकायमा जानकारी गराउँदै आएको छु ।

गोरखापत्रको मुख्य पृष्ठमा उद्योगबाट कर्जा तिर्ने प्रतिबद्धता सहितको मिति २०६२/०३/२८ मा प्रेश विज्ञप्ति

उद्योगीले बैंकसित साविक बमोजिम व्यापार सुचारु गरिदिनुहुन भनी पटक–पटक निवेदन गर्दै आएको थियो । मिति २०६२/०३/१७ मा लिलामी निकालिएपछि म उद्योगीले पुनः धेरैपटक रा. बा. बैंकसित सम्पर्क गर्न प्रयास गरेको थिए तर रा. बा. बैंकले बेवास्ता गरेपछि मैले बाध्य भई मिति २०६२/०३/२८ मा गोरखापत्रको मुख्य पृष्ठमा सार्वजनिक सूचना मार्फत उद्योगको साबिक बमोजिम स्विकृत सिमा भित्रको कारोवार खोलिदिएको खण्डमा उद्योगले रु. तेत्तीस करोड भित्रैको चल्ती साँवा ऋण रु. २८,९६,५४,२६१/८८ (अक्षरेपी रु. अट्ठाईस करोड छयानब्बे लाख चौबन्न हजार दुई सय एक्सठ्ठी रुपैया अठ्ठासी पैसा मात्र) तिर्न तैयार रहेको छ भनी जानकारी दिदैं विज्ञप्ति प्रकाशित गरेको समेतलाई रा.बा. बैंकले बेवास्ता गरेको थियो ।

माननीय गर्भनरज्यू, मेरो कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं पनि राष्ट्रिय वाणिज्य बैंकले दुरासयुक्त भावना राखी आफूले गरेका षड्यन्त्र र गैरकानूनी कामकारबाहीको ढाकछोप गर्नका लागि ऋण असुली न्यायधिकरण ऐन २०५८ को दफा १४ (७) बमोजिम प्रकृया पूरा नगरी मिति २०६३/०३/२६ मा श्री ऋण असुली न्यायधिकरणमा उद्योगविरुद्ध निवेदन दर्ता गरेको जानकारी गराउन चाहन्छु ।

उद्योगको स्विकृत सिमा 'लिमिट' भित्र नाफामा चलिरहेको कारोबार बिना कुनै कारण बन्द गर्ने देखि लगत्तै राष्ट्रिय वाणिज्य बैंकबाट शृङखलाबद्ध रुपमा यस उद्योगमाथि अन्याय गरिदै आएको छ । रा. बा. बैंकका कर्मचारीहरुबाट आफ्नो पदको दुरुपयोग गरी षड्यन्त्रपूर्वक र गैरकानुनी तवरले उद्योग र उद्योगीलाई नोक्सान पुऱ्याउने नियतकासाथ गरेको गलत क्रियाकलापहरुको जानकारी श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति सहित विभिन्न निकायहरुमा गराउँदै आएको छु ।

तथा मिति २०७१/०५/३१ मा आर्थिक राष्ट्रिय दैनिक को मुख्य पृष्ठमा कर्जा तिर्ने प्रतिबद्धता सहितको निवेदन दिएको थिए ।

श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजको निवेदन

महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति समक्ष मिति २०६३/०६/०३ , मिति २०६५/१०/२६, मिति २०६६/०२/०४ , मिति २०६६/०२/०८ मा राष्ट्रिय वाणिज्य बैंकले उद्योगविरुद्व गरेको गैरकानुनी क्रियाकलापहरुको विषयमा जानकारी गराउदैं र कारबाहीको माग गर्दै निवेदन पेश गरेको थियो ।

र उपरोक्त सम्बन्धमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट आवश्यक कारबाहीको लागि मुख्य निम्न पत्रहरु पठाइएका थिए :–

- प. स. २०६५/६६ सा. ले. स. च. न. २२० मिति २०६५/१०/२७ मा श्रीमान् सचिव, अर्थ मन्त्रालय र श्रीमान् कार्यकारी प्रमुखज्यू, राष्ट्रिय वाणिज्य बैंक ;
- प. स. २०६५/६६ च. न. ३३९ मिति २०६६/०१/३० श्रीमान् सचिव, अर्थ मन्त्रालय र श्रीमान् कार्यकारी प्रमुखज्यू, राष्ट्रिय वाणिज्य बैंक ;
- प. स. २०६५/६६ च. न. ३५८ मिति २०६६/०२/२६ श्रीमान् गर्भनरज्यू , नेपाल राष्ट्र बैंक ;
- प. स. २०६५/६६ च. न. ३५९ मिति २०६६/०२/२६ श्रीमान् राजस्व सचिवज्यू, अर्थ मन्त्रालय
- नेपाल राष्ट्र बैंकले पत्र. सं. बै.वि.नि.वि./जि. एच. सि/८७/०६५/६६ मिति २०६६/०२/२० श्रीमान् प्रमुख कार्यकारी निर्देशक, राष्ट्रिय वाणिज्य बैंक तथा पुनः पत्र.सं. बै.वि.नि.वि./जि.एच. सि/९४/०६५/६६ मिति २०६६/०३/०७ श्रीमान् प्रमुख कार्यकारी निर्देशक, राष्ट्रिय वाणिज्य बैंक लाई यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन पत्र पठाएको थियो ।
  त्यसको बोधार्थ श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति समेतलाई जानकारी गराएको हो ।

हालसम्म पनि नेपाल राष्ट्र बैंकबाट श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति समक्ष सो सम्बन्धमा के कारवाही भएको प्रतिवेदन पेश भएको छैन ।

म उद्योगीले तत्कालिन माननीय सभापतिज्यू समक्ष पुनः मिति २०७१/०७/२० मा उद्योग व्यापार सुचारु गरी पाँउ भनी सबै व्यहोरा सहितको निवेदन पेश गरेको थिए ।

श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिले राष्ट्रिय वाणिज्य बैंकले महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजविरुद्ध भएका गैरकानूनी कामहरुको जाँच गरिरहेकै अवस्थामा राष्ट्रिय वाणिज्य बैंक र श्री ऋण असुली न्यायधिकरणले मिलोमतोमा धितोमा बाँकी रहेको बोलपत्र आह्वान गर्दा मूल्य लगभग रु. ४३,००,००,०००/– (अक्षरेपी रु. त्रिचालीस करोड) को सम्पत्तिहरुलाई एकदमै न्यून मूल्य अर्थात् **मालपोतको रजिष्ट्रेशन मूल्य भन्दा पनि कम** रु. १३,४५,०७,८७५/– (अक्षरेपी रु. तेह्र करोड पैत्तालीस लाख सात हजार आठ सय पचहत्तर मात्र) कायम गरी मिति २०७१/०९/१३ मा घर जग्गाको **त्रुटिपूर्ण** लिलाम बिक्रीको सूचना प्रकाशित गरिएकोमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति समक्ष महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले मिति २०७१/१०/११ मा **"लिलामी खारिज गरी निर्यातजन्य उद्योगको साविक बमोजिम कारोबार सुचारु गरी पाउँ"** भनी तत्कालिन **माननीय सभापतिज्यू** समक्ष निवेदन गरेको थिए ।

माननीय गर्भनरज्यू, सो निवेदन उपर श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट मिति २०७१/१०/१३ मा लिलामी रोक्न निर्देशन सहितको निम्न लिखित व्यहोराको पत्राचार श्री नेपाल सरकार अर्थ मन्त्रालय, श्री नेपाल राष्ट्र बैंक र श्री ऋण असुली न्यायधिकरणलाई गरिएको थियो ।

श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिद्वारा मिति २०७१/१०/१३ मा लिलामी रोक्न निर्देशन सहितको पत्र

“उपरोक्त सम्बन्धमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजका प्रोपाइटर श्री बृजगोपाल इनानीले लिलामी खारेज गरी निर्यातजन्य उद्योगको साविक बमोजिम कारोबार सुचारु गरी पाउँ भनी यस समितिका सभापति समक्ष पेश भएको निवेदनमा उल्लेखित विषयवस्तुका सम्बन्धमा यस समितिद्वारा विगतमा समेत पटक पटक पत्राचार गरी समस्या समाधान गर्न निर्देशन गरेकोले सो समाधान गर्न तर्फ नलागि सिधै कारवाही गर्न लागेकाले कतिपय नीतिगत समस्याहरु समेत उठेकाले सो समाधान गरी प्रकृयामा बढ्नु पर्ने भएकाले नीतिगत विषयमा उठेका सम्बन्धमा सम्बोधन गरे पछी मात्र प्रकृया अगाडि बढाउन पत्राचार गर्न निर्देशन भएकोले सो कार्यन्वयनको लागि निवेदनको प्रति यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु । ”

सो आदेश सम्बन्धमा समाचार समेत मिति २०७१/१०/१६ (30th January 2015) मा गोरखापत्र राष्ट्रिय दैनिक र मिति २०७१/१०/१७ (31st January 2015) मा The Rising Nepal National Daily सहित विभिन्न पत्र–पत्रिकाहरुमा प्रकाशित भएको थियो ।

तत्पश्चात् पनि श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट भएको आदेशको अवज्ञा गर्दै ऋण असुली न्यायधिकरणले राष्ट्रिय वाणिज्य बैंकको सहमतिमा लिलाम सम्बन्धी कार्यलाई अगाडी बढाएको जानकारी गराउन चाहन्छु ।

मिति २०७१/१०/११ मा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले दर्ता गराएको निवेदनमा उल्लेख भएका तथ्य तथा पेश गरिएका कागजातहरुलाई अध्ययन गर्दा ऋण असुली अधिकृतले धितो दिएको सम्पत्तिलाई अवमूल्याङ्कन गर्नु भएको र ऋण असुली नियमावली र प्रक्रिया विपरीत धितो दिएको सम्पूर्ण सम्पत्तिहरु लिलाममा नचढाएको तथ्य प्रष्ट हुन्छ । ऋण असुली अधिकृतले धितोको सम्पत्तिलाई अवमूल्याङ्कित गरी लिलाम बिक्रीको लागि प्रकाशित गर्नु भएको सूचना तथा मूल्याङ्कन गर्ने कार्य त्रुटिपूर्ण तथा गैह्रकानूनी रहेको प्रष्ट छ ।

मिति २०७१/०९/१३ मा श्री ऋण असुली न्यायधिकरणले निकालेको लिलामी सूचनामा निम्न बमोजिम त्रुटिपूर्ण रहेको जानकारी गराउँदै छु :–

- बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २९(३) मा प्रचलित बजार भाउलाई ध्यानमा राखी मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ । ऋण असुली अधिकृतले उक्त व्यवस्थालाई पालना नगरी आफूखुसी ज्यादै कम मूल्य कायम गरी अर्थात् **मालपोत रजिष्ट्रेशन मूल्याङ्कनलाई समेत अनुशरण नगरी** सूचनामा प्रकाशित भएको **सबै धितो सम्पत्तिहरु अवमूल्याङ्कन** गरेको छ ।

<table>
<tr><th colspan="2">उद्योगको सम्पत्तिको विवरण</th><th>क्षेत्रफल</th><th>मालपोतको रजिष्ट्रेशन मूल्याङकन भन्दा पनि कम मूल्याङकनमा लिलामी</th><th>बोलपत्र आह्वान गर्दाको प्रचलित बजार मूल्य</th></tr>
<tr><td rowspan="3">डाछी ९(ख)</td><td>कि.नं. ७०</td><td>५–६–३–०</td><td>रु. ९७,५९,३७५/-
(अक्षरेपी रु. सन्तानब्बे लाख उनन्साठी हजार तीन सय पचहत्तर मात्र)</td><td rowspan="3">मिति २०५६/११/३० मा (पत्र सं च.नं. ७६८) गा. वि. स. कार्यालय, डाँछीद्वारा रु. १७,००,०००/–
(अक्षरेपी रु. सत्र लाख) प्रति रोपनी चलन चल्ति मूल्याङकन रहेको र हाल पीच रोडसँग जोडिएको सो सम्पत्तिको चलन चल्ति मूल्य लगभग
रु. १८,००,००,०००/–
(अक्षरेपी रु. अठार करोड मात्र) रहेको ।</td></tr>
<tr><td>कि.नं. १५६</td><td>६–३–२–०</td><td>रु. ३,७३,१२,५००/-
(अक्षरेपी रु. तीन करोड त्रीयत्तर लाख बाह्र हजार पाँच सय मात्र)</td></tr>
<tr><td></td><td>जम्मा</td><td>रु. ४,७०,७१,८७५/–
(अक्षरेपी रु. चार करोड सत्तरी लाख एकत्तर हजार आठ सय पचहत्तर मात्र)</td></tr>
<tr><td colspan="2">कालिमाटी २(क), ताहाचलको कि. नं. ३७४, ३७३, ३७२ र ८९

<u>नोट</u>
उपरोक्त कि. न. ८९, ३७४, ३७३, ३७२ मा अवस्थित भवन को उत्तरपट्टिको घर जग्गा कालिमाटी २ (क) को कि. नं. ६३९ र ६४२</td><td>१–१४–०–३

०–४–०–०

०–७–१–०</td><td>रु. ५,८५,५४,०००/–
(अक्षरेपी रु. पाँच करोड पचासी लाख चवन्न हजार मात्र)

लिलामीमा सम्पत्ति समावेश नगरेको</td><td>सन् ११ फ्रेरब्ररी २०११ मा कि. नं. ३७४, ३७३, ३७२, ८९, ६३९ र ६४२ को
रु. १६,५५,६६,१३५/–
(अक्षरेपी रु. सोह्र करोड पच्पन्न लाख छैसट्टी हजार एक सय पैत्तीस मात्र)
चलन चल्ती मूल्याङकन भएको ।</td></tr>
<tr><td>काठमाण्डौ का.म.न.पा. वडा नं. २२ टेवहाल</td><td>कि.नं. ६४७ र कि. नं. ६४८

(नेपाल एयरलाइन्स भवन न्यूरोडको मेनरोड सँग रहेको)</td><td>०–०–२–२
०–२–१–०</td><td>रु. २,८८,८२,०००/–
(रु. दुई करोड अठासी लाख बयासी हजार मात्र)</td><td>सन् ११ फ्रेरब्ररी २०११ मा कि. नं. ६४७ र ६४८ को
रु. ८,६५,१९,१४४/–
(अक्षरेपी रु. आठ करोड पैसठी लाख उन्नाइस हजार एक सय चौवालीस मात्र)
चलन चल्ती मूल्याङकन भएको ।</td></tr>
</table>

उक्त लिलाम बिक्रीको सूचनामा डाँछीको कि.नं. १५६ (क्षे.फ. ६-३-२-० जग्गा) को मूल्य रु. ३,७३,१२,५००/- र कि.नं. ७० (क्षे.फ. ५-६-३-० जग्गा) को मूल्य रु. ९७,५९,३७५/- गरी जम्मा रु. ४,७०,७१,८७५/– (अक्षरेपी रु. चार करोड सत्तरी लाख एकत्तर हजार आठ सय पचहत्तर मात्र) कायम गरिएको छ, जबकी उक्त दुवै जग्गाको बोलपत्र आह्वान गर्दा मूल्य रु. १८ करोड भन्दा बढी नै रहेको थियो ।

त्यस्तै न्यूरोड टेवहालका कि.नं. ६४७ र ६४८ को घर जग्गाको जम्मा मूल्य रु. २,८८,८२,०००/– (अक्षरेपी रु. दुई करोड अठासी लाख बयासी हजार मात्र) कायम गरिएको छ, जबकी उक्त घर जगगाको मूल्य रु. ८,६५,००,०००/– (अक्षरेपी रु. आठ करोड पैसठ्ठि लाख मात्र) भन्दा बढी नै रहेको थियो ।

त्यस्तै कालीमाटीको कि.नं. ८९, ३७२, ३७३ र ३७४ को घर जग्गाको जम्मा मूल्याङ्कन रु. ५,८५,५४,०००/– (अक्षरेपी रु. पाँच करोड पचासी लाख चवन्न हजार मात्र) गरिएको छ, जबकी उक्त घर जगगाको मूल्य रु. १६,५५,६६,१३५/– (अक्षरेपी रु. सोह्र करोड पच्पन्न लाख छैसट्टी हजार एक सय पैत्तीस मात्र) भन्दा बढी नै रहेको थियो ।

- बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २९ मा लिलाम बिक्रीको कार्यविधि अन्तर्गत उपनियम (३) मा स्थानिय प्रतिनिधि, जिल्ला मालपोत कार्यालयको प्रतिनिधि र स्थानीय प्रतिनिधिको रोहवरमा ऋण असुली अधिकृतले प्रचलित बजार मूल्यलाई ध्यानमा राखी मूल्य कायम गर्नुपर्ने र सो गर्दा सम्बन्धित विशेषज्ञको राय समेत लिन सकिने व्यवस्था गरिएको छ । तर ऋण असुली अधिकृतले मिति २०७१/०९/१३ मा प्रकाशित गरिएको लिलाम बिक्रीको सूचनामा सम्पूर्ण सम्पत्तिलाई अवमूल्याङ्कन गरी, प्रचलित बजार भाउलाई समेत ध्यानमा नराखी ज्यादै थोरै न्यून मूल्य कायम गरी सोही मूल्यका आधारमा गरेको लिलाम बिक्रीको कार्य गैह्रकानूनी तथा प्राकृतिक न्याय सिद्धान्त समेत विपरित छ ।

- लिलाम बिक्री भन्नाले धितोमा रहेको सम्पूर्ण सम्पत्तिको प्रचलित बजार भाउ अनुसार न्यायोचित मूल्याङ्कन गरी लिलाम बिक्री गर्नुपर्ने अनिवार्य अवस्था बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ मा प्रष्ट गरिएको छ ।

म निवेदकले मिति २०७१/१०/११ मा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा दर्ता गराएको निवेदनमा उपरोक्त उल्लेख भएको तथ्य तथा पेश गरिएका कागजातहरुलाई अध्ययन गर्दा ऋण असुली अधिकृतले धितो दिएको सम्पत्तिलाई अवमूल्याङ्कन गर्नु भएको र धितो दिएको सम्पूर्ण सम्पत्तिहरु लिलाममा नचढाएको तथ्य प्रष्ट हुन्छ ।

- **रजिष्ट्रेशन दस्तुर प्रयोजनको लागि मालपोतले गरेको मूल्याङ्कन बजार भाउ भन्दा ज्याद कम हुने भएकोले सो मूल्याङनलाई कर्जा असुलीका सम्बन्धमा आधार बनाउन नमिल्ने भएतापनि ऋण असुली अधिकृतले उक्त मालपोत मूल्याङ्कनलाई समेत अनुशरण गर्नु भएको छैन ।**

<u>ऋण असुली न्यायधिकरण समेतबाट भए गरिएका थप गैरकानूनी काम कारवाहीका व्यहोराहरु निम्न लिखित बुदाँहरु मार्फत जानकारी गराउन चाहन्छु :–</u>

- **<u>सकार गर्ने व्यक्तिसँग मिलोमतो गरी खरीदकर्तालाई घर जग्गालाई कम मूल्यमा बिक्री गर्न सकियोस् भनी लिलामीमा ५ कित्ता (कि.नं. ६३५, ६३८ ६३९, ६४१ र ६४२) घर जग्गा समावेश नगरी नियमावली विपरीत र त्रुटिपूर्ण बोलपत्र आह्वान गरेको</u>**

ऋण असुली अधिकृतले मिति २०७१/०९/१३ को लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा सोल्टीमोड, वाफलको ५ कित्ता (कि.नं. ६३५, ६३८ ६३९, ६४१ र ६४२ को) जग्गा अर्थात् जम्मा क्षे.फ. ०-१५-७-१ को जग्गालाई लिलाममा समावेश नगरेको र कुनै मूल्याङ्कन समेत नगरेको कार्य त्रुटिपूर्ण छ ।

- सम्मानित न्यायधिकरणको फैसलामा सो कि.नं. ६३५, ६३८ ६३९, ६४१ र ६४२ को जग्गा समेतबाट बैंकको साँवा ब्याज रकम असुल उपर गर्नुपर्ने भनी ठहर गरेको अवस्था छ, मालपोतमा ऋण असुली न्यायधिकरणबाट रोक्का रहेको छ र सो जग्गालाई लिलाममा समावेश नगर्नु सम्मानित न्यायधिकरणको फैसला विपरित हुन गएको प्रष्टै हुन्छ ।

- माथि उल्लेखित ५ कित्ता जग्गालाई स्वयं सम्मानित न्यायधिकरणको फैसला विपरीत लिलाममा समाहित नगर्नु पर्ने कुनै आधार र कारण छैन तथा ऋण असुली अधिकृतले पनि कुनै मनासिव कारण उल्लेख गर्न सक्नु भएको छैन ।

- बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ बमोजिम धितो राखिएको तथा रोक्का गरिएको सम्पूर्ण सम्पत्तिबाट लिलाम कारवाही गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्थालाई अनुशरण गर्दै ऋण असुली न्यायाधिकरणका ऋण असुली अधिकृतले मिति २०६८/०२/०१ को पत्रबाट सम्पत्तिको मूल्याङ्कन गरी लिलामी गर्ने प्रयोजनको लागि कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को जग्गा रोक्का राख्ने गरी मा.पो.का., कलंकीका नाउँमा पत्र जारी गरिएको अवस्था छ । अर्थात् ऋण असुली न्यायाधिकरणका अधिकृत आफैले उक्त सम्पत्तिबाट लिलाम गर्नुपर्ने भनी पुनः रोक्का राखिएको अवस्थामा पछि गएर उक्त सम्पत्तिलाई कुनै मूल्याङ्कन नगरी, लिलाममा नचढाएको कार्य आफैमा गैह्र कानुनी र त्रुटिपूर्ण रहेको प्रष्ट हुन्छ ।

- साविक कित्ताबाट कित्ता काट भई म निवेदकको नाउँमा दर्ता रहेको का.जि.का.म.न.पा. वडा नं. २ क. वाफल मा दुई वटा घरहरु छन् जसमध्ये कि.नं. ६४२ मा २ तल्ले र कि.नं. ६३९ मा १ तल्ले घर छ । उक्त पाँचै कित्ता जग्गा र घर तथा का.जि.का.म.न.पा. वडा नं. २ क. वाफल स्थित कि.नं. ८९ को क्षे.फ. ०-९-३-०, ऐ.ऐ. कि.नं. ३७२ को क्षे.फ. ०-८-०-०, ऐ.ऐ. कि.नं. ३७३ को क्षे.फ. ०-६-२-० र ऐ.ऐ. कि.नं. ३७४ को क्षे.फ. १-०-०-० सो जग्गाहरुमा बनेको पक्की घरहरु समेत एकै कम्पाउण्डवाल भित्रको रहेको छ । जस मध्ये कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ घर जग्गाको भित्रबाट प्रवेश गरेर मात्र कि.नं. ८९, ३७२, ३७३, ३७४ को घर जग्गामा प्रवेश गर्न सकिन्छ ।

ऋण असुली अधिकृतले कि.नं. ८९, ३७२, ३७३, ३७४ को घर जग्गालाई कम मूल्यमा बिक्री गर्न सकियोस् र सकार गर्ने व्यक्तिसँग मिलोमतो गरी कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ सितैमा प्रयोग गर्न दिन सकियोस् भन्ने दुषित मनसायबाट नै उक्त कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को जग्गालाई लिलामीमा समाहित नगरेको प्रष्ट हुन्छ। साथै कि.नं. ८९, ३७२, ३७३, ३७४ को घर जग्गालाई कम मूल्याङ्कन गरेको तथ्य पनि प्रष्ट हुन्छ।

- कि.नं. ८९ समेतको घर जग्गा सकार गर्ने व्यक्तिहरुसँग मिलोमतो गरी कि.नं. ६३५ समेतको घर जग्गालाई सितैमा प्रयोग गर्न दिन सकियोस र सो वापत आफुले अनुचित लाभ उठाउन सकियोस् भन्ने मनसायले नै ऋण असुली अधिकृतले उक्त कि.नं. ६४२ समेतका जम्मा ०-१५-८-१ जग्गा र घरलाई लिलामीमा सहभागी नगराइएको कार्य स्पष्ट त्रुटिपूर्ण छ।

■ बाटो नभएको भनी जग्गालाई अवमूल्याङ्कन

- जिल्ला काठमाडौं डाँछी गा.वि.स. वडा नं. ९(ख) को कि.नं. ७० को क्षे.फ. ५-६-३-० जग्गालाई बाटो नभएको भनी प्रति रोपनी रु. अठार लाख (प्रति आना रु. १,१२,५००/–) कायम गर्ने गरी मिति २०७१/०५/२७ मा मुचुल्का खडा गरिएको छ। ऐ.ऐ. कि.नं. १५६ को क्षे.फ. ६-३-२-० को जग्गालाई प्रतिआना रु. ३,७५,०००/– (रु. तीन लाख पचहत्तर हजार मात्र) कायम गरिएको छ।

- नापी नक्सा, तत्कालिन गा.वि.स.को कार्यालय डाँछीको २०५६/११/२० को पत्रका साथै तत्कालिन डाँछी गा.वि.स. हाल कागेश्वरी मनहरा न.पा.ले मिति २०७१/१२/१७ मा चार किल्ला प्रमाणितमा मोटर बाटो रहेको भनी स्पष्ट उल्लेख गरेको छ।

- साथै कि.नं. ७० को हकमा ऋण असुली अधिकृतले मिति २०६८/०५/२६ मा मूल्याङ्कन गर्दा उक्त जग्गामा बाटो रहेको भनी आफैले उल्लेख गर्नु भएको छ। अर्थात् कि.नं. ७० को जग्गामा बाटो रहेको तथ्य प्रमाणित भई रहेको अवस्थामा उक्त जग्गामा बाटो छैन भनी प्रति रोपनी रु.१८,००,०००/– मात्र (अक्षरेपी रु. अठार लाख मात्र) कायम गरी जग्गालाई अवमूल्याङ्कन गरेको प्रष्ट देखिन्छ।

- आ.व. ०७०/७१ का लागि काठमाडों जिल्ला डाँछी गा.वि.स. हाल कागेश्वरी मनहरा नगरपालिकाको गोरेटो बाटो भएको जग्गा प्रति आना रु. १,५०,०००/– (अक्षरेपी रु. एक लाख पचास हजार मात्र) कायम छ भने कच्ची मोटरबाटो भएको जग्गा प्रति आना रु. ३,००,०००/– (अक्षरेपी रु. तीन लाख मात्र) कायम छ। अर्थात् मालपोतको मूल्याङ्कनलाई आधार मान्ने हो भने पनि कि.नं. ७० को क्षे.फ. ५-६-३-० जग्गा ऋण असुली अधिकृतले गरेको मूल्याङ्कन भन्दा धेरै बढी प्रति रोपनी रु. ४८,००,०००/– (अक्षरेपी रु. अडचालीस लाख मात्र) नै पर्न आउँछ।

- काठमाडों जिल्ला डाँछी मा.पो.का. साँखुले दा.खा.का लागि मिति २०७२/०१/२७ मा उठाएको टिप्पणीबाट ऋण असुली अधिकृतले गरेको मूल्याङ्कनलाई अस्वीकार गरी रजिष्ट्रेशन दस्तुर प्रयोजनको लागि दुवै कित्ता जग्गा अर्थात् कि.नं. ७० र १५६ को जग्गामा मोटर बाटो छ भनी जम्मा मूल्य रु. ५,५८,७५,०००/- (अक्षरेपी रु. पाँच करोड अन्ठाउन्न लाख पचहत्तर हजार मात्र)मा.पो.का. साँखुले कायम गरेको छ। जबकि ऋण असुली न्यायधिकरणले मिति २०७१/०९/१३ को लिलाम बिक्रीको सूचनामा रु. ४,७०,७१,८७५/– (अक्षरेपी रु. चार करोड सत्तरी लाख एकत्तर हजार आठ सय पचहत्तर मात्र) मूल्य मात्र कायम गरिएको छ।

- **रजिष्ट्रेशन दस्तुर प्रयोजनको लागि मालपोतले गरेको मूल्याङ्कन बजार भाउ भन्दा ज्याद कम हुने भएकोले सो मूल्याङ्कनलाई कर्जा असुलीका सम्बन्धमा आधार बनाउन नमिल्ने ।**

ऋण असुली अधिकृतले उक्त मालपोत रजिष्ट्रेशन मूल्याङ्कनलाई समेत अनुशरण गर्नु भएको छैन ।

यसरी काठमाडौं जिल्ला डाँछी गा.वि.स. अर्थात् कागेश्वरी मनहरा नगरपालिका डाछी ९(ख) कि.नं. ७० (क्षे.फ. ५–६–३–०) र कि.नं. १५६ (क्षे.फ. ६–३–२–०) को जग्गालाई अवमूल्याङ्कन गरेको तथ्य पनि प्रष्ट हुन्छ ।

■ प्राविधिक मूल्याङ्कन (Technical Valuation)

- म निवेदकले फ्रेवुअरी २०११ मा प्राविधिक मूल्याङ्कन कर्ताबाट धितोको सम्पत्तिलाई गरेको मूल्याङ्कनको रकम भन्दा ऋण असुली अधिकृतले गरेको मूल्याङ्कन रकममा जमिन आसमानको फरक छ । र सो प्राविधिक मूल्याङ्कनको प्रतिलिपि मिति २०७१/१०/११ निवेदनसाथ श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा संलग्न गरिसकेको छु ।

- ऋण असुली अधिकृतको अध्यक्षतामा लिलाम बिक्री प्रयोजनको लागि मिति २०७१/०५/२७ गते बसेको मूल्याङ्कन समितिको बैठकको निर्णयको प्रमाणित प्रतिलिपी मिति २०७१/१०/१८ मा प्राप्त गरेको छु । उक्त प्रतिलिपी अध्ययन गर्दा धितोमा रहेको घर समेतको मूल्याङ्कनको हकमा प्राविधिकबाट मूल्याङ्कन गराउने भन्ने उल्लेख गरिएको छ । प्राविधिक मूल्याङ्कन गरियो गरिएन र के कति मूल्याङ्कन भयो भएन भन्ने सम्बन्धमा म निवेदकलाई हाल सम्म पनि कुनै थाहा जानकारी छैन । मलाई उपलब्ध गराइएको प्रतिलिपिबाट घरको हकमा प्राविधिक मूल्याङ्कन गरिएको तथ्य खुल्दैन ।

- प्राविधिक मूल्याङ्कन नै नगराईकन ऋण असुली अधिकृत आफैले अनुमानित रुपमा लिलाम सूचनामा ज्यादै न्यून मूल्य कायम गरिएको हुँदा उक्त कार्य कानून प्रतिकुल रहे भएको प्रमाणित हुन्छ ।

■ बोलपत्र दाखिला समेतका त्रुटिहरु

- मिति २०७१/१०/१८ गते नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत ४ जनाले टेण्डर फारम पाउँ भन्ने संयुक्त दरखास्त निवेदन पत्र ।

- नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत ४ (चार) ले संयुक्त रुपमा रु. १३,५०,००,०००/– (अक्षरेपी रु. तेह्र करोड पचास लाख मात्र) मूल्य कवुल गरी मिति २०७१/१०/१८ मा बोलपत्र पेश गर्नु भएको ।

- बोलपत्र साथ कवुल गरेको अंकको १० प्रतिशत रकम मिति २०७१/१०/१८ मा जम्मा हुनुपर्नेमा बोलपत्र खरिदकर्ताहरुले मिति २०७१/१०/१९ गतेमा आएर दाखिला गरेको ।

- मिति २०७१/१०/१९ मा ऋण असुली न्यायाधिकरणबाट बोलपत्र खोल्नका लागि मुचुल्का खडा गरिएको र सोही दिन प्रतिनिधिहरुको रोहवरमा खोलिएको ।

- नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत ४ (चार) जनाले संयुक्त रुपमा रू. १३,५०,००,०००/- को मूल्य कवुल गरेतापनि १० प्रतिशत रकम (अक्षरेपी रु. एक करोड पैत्तीस लाख) **तीन जनाले मात्र** मिति २०७१/१०/१९ मा भौचर नं. ६७१३० बाट श्रीमती संगिताले रु. २१,००,०००/– (अक्षरेपी रु. एक्काईस लाख मात्र), भौचर नं. ६६४३२ बाट श्रीमती सुमित्राले रु. ५०,००,०००/– (अक्षरेपी रु. पचास लाख मात्र) र भौचर नं. ६६४३७ बाट नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.ले ६५,००,०००/– (अक्षरेपी रु. पैसठी लाख मात्र) दाखिला गर्नु भएको ।

- ऋण असुली अधिकृतले मिति २०७१/१०/२२ को निर्णयबाट नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत जना ४ को नाउँमा बोलपत्र स्विकृत गरी बाँकी रकम १५ दिन भित्र दाखिला गर्न लगाउने व्यहोराको आदेश भएको तर १५ दिन नाघेको धेरै दिनपछि मात्र मिति २०७१/११/१७ मा भौचर नं. ६८२८१ बाट नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.ले रु. ५,००,००,०००/–, मिति २०७१।११।२० मा भौचर नं. ६७२७४ बाट श्रीमती संगिता र श्रीमती गिताले रु. १,२४,००,०००/– सोही मितिको भौचर नं. ६७२७० बाट ऐ.ऐ.ले रु. २,५०,००,०००/–, मिति २०७१/११/२२ मा भौचर नं. ६७२७६ बाट ऐ.ऐ. ले रु. १,१७,५६,०००/–, मिति २०७१।११।२२ मा भौचर नं. ६७२८० बाट श्रीमती सुमित्राले रु. ४,२२,४४,१९९/–, रकम दाखिला गरेको समेतका तथ्यहरु हेर्दा लिलामी खारेज हुनुपर्ने प्रस्ट देखिन्छ ।

- संयुक्त रूपमा धरौटी रकम दाखिला गर्ने तीनजना र धरौटी नै दाखिला नगर्ने श्रीमती गीता समेतलाई रकम दाखिला गर्न भनी यस न्यायधिकरणबाट दिएको पत्र र लिलाम सदर गर्ने गरेको निर्णय त्रुटिपूर्ण रहेको छ ।

- लिलामी सूचनाको शर्त नं. ४ मा बोलपत्र साथ कवुल गरेको अंकको १० प्रतिशत रकम जम्मा गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा बोलपत्र दाताहरुले उक्त १० प्रतिशत रकम मिति २०७१/१०/१९ मा मात्र दाखिला गर्नु भएकोले बोलपत्र नै अस्वीकृत हुने अवस्थामा रहेको प्रष्ट हुन्छ । संयुक्त रुपमा बोलपत्र पेश गरेको भएतापनि १० प्रतिशत रकम तीन जनाले मात्र जम्मा गर्नु, १५ दिनको म्याद नघाई पछि गएर मात्र थप ९० प्रतिशत रकम जम्मा गर्नु इत्यादी विभिन्न गैर कानूनी तथा त्रुटिपूर्ण कार्य भए गरेको प्रष्ट हुन्छ ।

- बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २९(२ ख) मा लिलाम बिक्री गर्दा स्थानीय प्रशासनको प्रतिनिधि र कम्तीमा २ जना स्थानीय व्यक्तिको रोहबरमा सम्पत्ति लिलाम गर्नुपर्ने व्यवस्था गरिएकोमा ऋण असुली अधिकृतले मिति २०७१/१०/२२ को एकल लिखित निर्णयबाट मात्र लिलाम बिक्री गर्ने कार्य भएको हुँदा सो कार्य ऐ. नियमावलीको नियम २९ (२ ख) विपरित रहेकोले लिलाम सम्बन्धी कार्य पूर्ण रुपमा बदर योग्य रहेको प्रष्ट हुन्छ ।

- मिति २०७१/०९/१३ मा रा. बा. बैंक र ऋण असुली अधिकृतबाट अर्थात् श्री ऋण असुली अध्यक्ष र सदस्यहरुको पद रिक्त भएको समय लिलामी निकाल्ने ठूलो षड्यन्त्र भएको स्पष्ट देखिन्छ ।

